लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, गुल्मी

## गुल्मी

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# त्रैमासिक प्रगति विवरण




**(२०८३ वैशाख देखि २०८३ असार)**

ईमेलः dphogulmi@gmail.com, वेबसाइट : https://hogulmi.lumbini.gov.np/

फेशबुक पेज- facebook.com/hogulmi

# विषय सूची

**१. पृष्ठभूमि** ........ **1**

**२. स्वास्थ्य कार्यालयको परिचय** ........ **1**

२.१ पालिका अनुसार जिल्लाका स्वास्थ्य संस्थाहरुको विवरण ........ 2

२.२ पालिका अनुसार आधारभुत अस्पतालको (१५ शैयासम्म ) विवरण ........ 3

**३. स्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकार** ........ **4**

**४ .स्वास्थ्य कार्यालय गुल्मीको दरबन्दी** ........ Error! Bookmark not defined.

४.१ कर्मचारीहरुको विवरण ........ 5

४.२ स्वास्थ्य कार्यालय ,गुल्मीको नागरिक वडापत्र) Citizen Charter) ........ 9

**५. स्वास्थ्य कार्यालयबाट सम्पादित हुने कार्यक्रमहरु** ........ **10**

५.१ खोप कार्यक्रम ........ 10

५.२ स्वास्थ्य कार्यालय गुल्मी अन्तर्गतका भ्याक्सिन सप्लाई तथा सबसेन्टरको विवरण: ........ 10

५.३ पोषण कार्यक्रम ........ 11

५.४ परिवार स्वास्थ्य कार्यक्रम ........ 11

५.५ सुरक्षित मातृत्व कार्यक्रम ........ 11

५.६ राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम ........ 12

५.७ कुष्ठरोग नियन्त्रण कार्यक्रम ........ 12

५.८ एच.आई.भी/.एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम: ........ 12

५.९ महामारी, औलो, कालाजार कार्यक्रम ........ 13

५.१० राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रम: ........ 13

**६. सम्पादन गरेका कामको विवरण** ........ **14**

**७. २०८३ असार १ देखि १५ गतेसम्म संचालन भएको किशोरी रक्त अल्पता परीक्षण तथा व्यवस्थापन कार्यक्रमको विवरण** ........ **16**

**८. आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न कार्यक्रम तथा गतिविधिका झलकहरू (तस्वीरसहित)** ........ **17**

# स्वतः प्रकाशन सम्बन्धमा

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख छ । राज्यका काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पर्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सु-सूचित हुने हकलाई संरक्षण र प्रचलन गराउन सूचनाको हक सम्बन्धि ऐन,२०६४ र नियमावली २०६५ जारी भएको छ । सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधीहरुको विवरण ३/३ महिनामा र बार्षिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ ।

प्रस्तुत कानूनी व्यवस्था बमोजिम स्वास्थ्य कार्यालय गुल्मीले गरेका काम कारवाहीहरुको जानकारी आम नागरिकहरुमा होस् भन्ने अभिप्रायका साथ २०८३ (वैशाख-असार) मा सम्पादन गरिएका कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

# स्वास्थ्य कार्यालय

## गुल्मी

### सूचनाको हक सम्वन्धी ऐन,२०६४ को दफा ५ (३)/नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित

### विवरण

## १. पृष्ठभूमि

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । नेपालमा सत्रौं शताब्दीमा सिंहदरबार वैद्यखानाको स्थापनासँगै आयुर्वेद उपचार पद्धतिको विकास भएको पाइन्छ । वि.सं. १९४७ मा वीर अस्पतालको स्थापना भएसँगै आधुनिक चिकित्सा पद्धतिको संस्थागत विकास सुरु भएको देखिन्छ । समग्रमा स्वास्थ्य क्षेत्रको योजनाबद्ध विकास भने वि.सं. २०१३ को प्रथम आवधिक योजनासँगै सुरुवात भएको पाइन्छ । वि.सं. २०३२ मा १५ वर्षे प्रथम दीर्घकालिन स्वास्थ्य योजना लागू भएको थियो ।

वि.सं. २०४६ को राजनैतिक परिवर्तन पछि नेपाली जनताको परिवर्तनको अपेक्षा अनुरुप आएको राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले गाउँ–गाउँसम्म प्राथमिक स्वास्थ्य सेवा विस्तार गर्ने गरी तत्कालीन सबै गाउँ विकास समितिहरुमा उपस्वास्थ्य चौकी, इलाकाहरुमा स्वास्थ्य चौकी र प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरुको स्थापना भएको थियो । साथै राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले संरचनागत विकास, विस्तार र स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रमा लगानी र सहभागीतालाई प्रबद्र्धन गरेको थियो । यसैगरी राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले भने नेपालको अन्तरिम संविधान २०६३ को भावना र मर्मअनुरुप जनसहभागितामुलक निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई जोड दिदै आएको छ ।

स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न संघीय संरचनाको ढाँचा अनुसार केन्द्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले, प्रदेशस्तरमा स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य निर्देशनालय, जिल्लामा स्वास्थ्य कार्यालय र स्थानीय तहमा स्वास्थ्य शाखाले आ-आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । वर्तमान परिप्रेक्ष्यमा लुम्बिनी प्रदेश अन्तर्गत स्वास्थ्य मन्त्रालयको मातहतमा स्वास्थ्य निर्देशनालय तथा यसको मातहतमा स्वास्थ्य कार्यालय गुल्मीले स्थानीय स्वास्थ्य संस्थाहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सहजीकरण गरिरहेको छ ।

## २. स्वास्थ्य कार्यालयको परिचय

स्वास्थ्य कार्यालय हालसम्म जिल्ला भित्रका स्वास्थ्य सम्बन्धी सम्पूर्ण गतिविधिलाई संचालन गर्ने तथा नियमन गर्ने निकायको रुपमा काम गरिरहेको परिपेक्ष्यमा हाल देश संघीयतामा गैसकेको र स्थानीय तह नै स्थानीय सरकारको रुपमा काम गर्ने गरि संबिधानमा व्यवस्था गरिए अनुसार स्वास्थ्य कार्यालयको भूमिका सहकार्य तथा समन्वयकारी रहन्छ । सरकारी तथा गैर सरकारी संस्थाहरुले संचालन गरेका क्रियाकलापहरुको अभिलेख राख्ने तथा प्रतिवेदन तयार गरी माथिल्लो निकायमा पठाउने गर्दछ । यस कार्यालयले संचालन गरेका प्रर्वधनात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवाहरुले समुदायको स्वास्थ्य रक्षा तथा प्रवद्र्धनमा महत्वपूर्ण भूमिका खेलेको छ । गुणात्मक स्वास्थ्य सेवाको माध्यमबाट स्वास्थ्य सेवा प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार भएकोले सबै जाति, लिङ्ग, क्षेत्र र वर्गमा समानुपातिक रुपमा स्वास्थ्य सेवाको पहँुच पु¥याउने काम यस कार्यालयले गर्दछ ।

यस संगठन भित्र महिला स्वास्थ्य स्वंय सेविका, सामूदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, गाउँ तथा नगरस्तरीय स्वास्थ्यका ईकाई तथा गैह्र सरकारी संस्थाहरु समेत पर्दछन्। यस कार्यालयमा कार्यालय प्रमुखको साथै विभिन्न फाँटहरु जस्तैः बाल स्वास्थ्य (खोप, पोषण, समुदायमा आधारीत नवजात तथा बालरोग व्यवस्थापन), परिवार कल्याण (परिवार नियोजन, सुरक्षित मातृत्व), रोग नियन्त्रण (क्षयरोग नियन्त्रण, कुष्ठरोग नियन्त्रण, एच आई भी एड्स तथा यौन

रोग नियन्त्रण, औलो तथा कालाजार नियन्त्रण, किट जन्य रोग नियन्त्रण, प्रकोपको व्यवस्थापन), तथ्याङ्क ,स्वास्थ्य शिक्षा, जिन्सी, प्रशासन तथा लेखा फाँटहरु छन् । यी फाँटहरुको संयुक्त प्रयासमा जिल्लाका कार्यक्रमहरु संचालन गरिन्छ । यस कार्यालयले निम्न कार्यहरु सम्पादन गर्दछ ।

- स्वास्थ्य मन्त्रालय तथा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयबाट निर्दिष्ट कार्यक्रमहरुको योजना बनाई स्थानीय तहसँग समन्वय तथा सहजिकरण गरी कार्य सम्पादन गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गरी जिल्ला भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधी तथा सामग्रीको आपूर्ती व्यवस्था मिलाउने ।
- मानवीय तथा आर्थिक स्रोतको परिचालन गर्ने ।
- आकस्मिक समस्याहरुको समाधान गर्न सहजीकरण गर्ने ।
- कार्यसम्पादन गर्न अनुकूल वातावरण तयार गर्ने ।
- सम्पादित कामको अभिलेख तथा प्रतिवेदन माथिल्लो निकायमा पठाउने ।
- सम्पादित कामको लेखाजोखा गरी प्रतिवेदन प्रकाशित गर्ने ।
- आर्थिक वेरुजुको अवस्था शून्यमा राख्ने ।

जिल्ला भित्र ३ सरकारी अस्पताल, ३ प्राथमिक स्वास्थ्य केन्द्र, २ निजी अस्पताल, ७६ स्वास्थ्य चौकी, ३७ सामूदायिक स्वास्थ्य ईकाई, ५ शहरी स्वास्थ्य केन्द्र , १५ आधारभूत स्वास्थ्य सेवा केन्द्र छन् । समुदाय स्तरमा ३३२ खोप केन्द्र, २३५ गाउँघर क्लिनिक, ९९७ महिला स्वास्थ्य स्वंय सेविकाहरुको माध्यमबाट जनस्वास्थ्य सेवा प्रदान गरिएको छ । जिल्ला भित्र रहेका पालिकाको सामान्य जानकारीको (भौतिक पूर्वाधार समेत) विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

## २.१ पालिका अनुसार जिल्लाका स्वास्थ्य संस्थाहरुको विवरण

| सि. नं | विवरण | कालिगण्डकी गा पा | सत्यवति गा पा | चन्द्रकोट गा पा | मुसिकोट न पा | इस्मा गा पा | मालिका गा पा | मदाने गा पा | धुर्कोट गा पा | रेसुङ्गा न पा | गुल्मीदरबार गा पा | छत्रकोट गा पा | रुरुक्षेत्र गा पा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरकारी अस्पताल | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ३ |
| २ | निजी अस्पताल | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | १ | ० | २ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ३ |
| ४ | स्वास्थ्य चौकी | ७ | ७ | ८ | ७ | ५ | ८ | ७ | ६ | ४ | ६ | ५ | ६ | ७६ |
| ५ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ० | १ | ० | २ | १ | ० | ० | ० | १० | १ | ० | ० | १५ |
| ६ | सामुदायिक स्वास्थ्य ईकाई | ० | ५ | ९ | २ | ३ | ३ | ३ | २ | ० | २ | ८ | ० | ३७ |
| ७ | शहरी स्वास्थ्य केन्द्र | ० | ० | ० | ३ | ० | ० | ० | ० | २ | ० | ० | ० | ५ |
| ८ | सरकारी स्वास्थ्य संस्था नभएको वडा संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | गाँउघर क्लिनिक | २१ | १७ | ११ | ३७ | १५ | २२ | १५ | २० | २४ | १७ | १६ | २० | २३५ |
| १० | खोप क्लिनिक | २६ | ३१ | २८ | ३२ | २४ | ३२ | २८ | २९ | २६ | २० | २९ | २७ | ३३२ |
| ११ | डाईग्नोस्टिक सेन्टर (माईक्रोस्कोपी) | १ | १ | १ | १ | १ | ० | ० | १ | १ | ० | १ | १ | ९ |
| १२ | प्रयोगशाला भएका सरकारी स्वास्थ्य संस्था | ३ | ३ | ५ | ३ | ३ | २ | १ | ७ | १ | २ | ५ | ५ | ४० |

| सि. नं | विवरण | कालिगण्डकी गा पा | सत्यवति गा पा | चन्द्रकोट गा पा | मुसिकोट न पा | इश्मा गा पा | मालिका गा पा | मदाने गा पा | धुर्कोट गा पा | रेसुङ्गा न पा | गुल्मीदरबार गा पा | छत्रकोट गा पा | रुरुक्षेत्र गा पा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | बर्थिङ सेन्टर | ४ | ६ | ६ | ८ | ६ | ८ | ८ | ७ | १ | ४ | ६ | ३ | ६७ |
| १४ | BEONC Site | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | १ | ४ |
| १५ | CEONC Site | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १६ | HTC साईट | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १७ | PMTCT साईट | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| १८ | CB-PMTCT साईट | ७ | १२ | ८ | १४ | ९ | ८ | ८ | ७ | १६ | ७ | ६ | ७ | १०९ |
| १९ | ए आ टी सेन्टर | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| २० | डट्स सेन्टर | ७ | ९ | ८ | ९ | ९ | १० | ७ | ७ | १४ | ७ | ६ | ७ | १०० |
| २१ | CB डट्स सेन्टर | ७ | ९ | ८ | ९ | ९ | १० | ७ | ७ | १४ | ७ | ६ | ७ | १०० |
| २२ | GeneXpert सेन्टर | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| २३ | सुरक्षित गर्भपतन सेवा केन्द्र (मेडिकल) | ३ | २ | २ | ३ | ३ | ४ | ३ | २ | ० | २ | ४ | ३ | ३१ |
| २४ | सुरक्षित गर्भपतन सेवा केन्द्र (सर्जिकल) | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ |
| २५ | आइयूसिडी सेवा प्रदायक स्वास्थ्य संस्था | ४ | ३ | २ | ३ | ० | २ | २ | २ | १ | २ | ० | १ | २२ |
| २६ | इम्प्लान्ट सेवा प्रदायक स्वास्थ्य संस्था | ४ | ६ | ५ | ८ | ५ | ८ | ७ | २ | ६ | ३ | ५ | ६ | ६५ |
| २७ | ५ वटै अस्थाई परिवार योजना सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | ४ | ३ | २ | ३ | ० | २ | २ | २ | १ | २ | ० | १ | २२ |
| २८ | किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था | ० | १ | २ | ३ | ५ | ८ | ० | ७ | १५ | १ | ५ | ० | ४७ |
| २९ | OTC साईट | २ | १ | २ | २ | १ | १ | २ | २ | २ | १ | १ | १ | १८ |
| ३० | सर्पदंश उपचार केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३१ | भ्याक्सिन Sub-centre संख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## २.२ पालिका अनुसार आधारभुत अस्पतालको (१५ शैयासम्म ) विवरण

| पालिकाको नाम | स्थापना भई सेवा दिईरहेको | प्रकृयामा रहेको | नभएको | जग्गा भएको | स्थान |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| **कालिगण्डकी गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | पुर्तिघाट |
| **सत्यवति गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | खैरेनी जोहाङ्ग |
| **चन्द्रकोट गाँउपालिका** | ✓ | | | भएको | शान्तिपुर |
| **मुसिकोट नगरपालिका** | | प्रकृयामा रहेको | | भएको | वामीटक्सार |
| **इश्मा गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | ईश्मा |
| **मालिका गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | अर्खावाङ्ग |
| **मदाने गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | पुर्कोटदह |
| **धुर्कोट गाँउपालिका** | ✓ | | | भएको | धुर्कोट काफलपानी |
| **गुल्मीदरवार गाँउपालिका** | ✓ | | | भएको | गौडाकोट |
| **छत्रकोट गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | श्रृङ्गा |
| **रुरुक्षेत्र गाँउपालिका** | | प्रकृयामा रहेको | | भएको | रिडी |

## ३. स्वास्थ्य कार्यालयको काम, कर्तव्य र अधिकार

- स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयबाट निर्दिष्ट कार्यक्रमहरुको योजना बनाई स्थानीय तहसँग समन्वय तथा सहजिकरण गरी कार्य सम्पादन गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गरी जिल्ला भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा औषधी तथा सामग्रीको आपूर्ती व्यवस्था मिलाउने ।
- स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिक निःशुल्क आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने ।
- सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।
- स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा पुर्नसंरचना, सुधार एंव विकास तथा विस्तार गर्ने ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक प्रतिकारात्मक, उपचारात्मक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गर्ने ।
- सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिर्वतन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गर्ने ।
- नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धीत निकायलाई जिम्मेवार बनाउने एवं सक्रिय जीवन पद्दति अवलम्बन गर्न प्रोत्साहन गर्ने।
- पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त, पत्रुखाना तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्धक खाद्यपदार्थको उपभोगमा जोड दिने ।
- स्वास्थ्य सम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धी जानकारी पाउने हकको प्रत्याभुति गर्ने।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर–किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गर्ने ।
- स्थानीय तहसँगको समन्वयमा आकस्मिक महामारी नियन्त्रण गर्न सहजीकरण गर्ने ।
- सम्पादित कामको अभिलेख तथा प्रतिवेदन माथिल्लो निकायमा पठाउने ।
- सम्पादित कामको लेखाजोखा गरी प्रतिवेदन प्रकाशित गर्ने ।
- आर्थिक वेरुजुको अवस्था शून्यमा राख्ने ।

## ४. स्वास्थ्य कार्यालय गुल्मीको दरबन्दी

| पद | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति | कार्यरत | | रिक्त दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार / (सरकारी) | |
| वरिष्ठ स्वास्थ्य प्रशासक (९/ १० औं तह) | १ | १ | १ | ० | ० |
| जन. स्वा. अधिकृत (७/८ औं तह) | १ | १ | १ | ० | ० |
| हे.अ वा सो सरह (कार्यक्रम सुपरभाइजर) | ३ | १ | १ | ० | २ |
| प.हे. न. | १ | १ | १ | ० | ० |
| तथ्याङ्क अधिकृत/सहायक | १ | ० | ० | ० | १ |
| ल्या. टे. | १ | १ | १ | ० | ० |
| को. चे.अ | १ | १ | १ | ० | ० |
| लेखा / प्रशासन | २ | १ | १ | ० | १ |
| का.स./ ह.स.चा | ३ | २ | २ | १ | ० |
| जम्मा | १४ | ९ | ९ | १ | ४ |

### ४.१ कर्मचारीहरुको विवरण

| क्र. सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | पुष्पा थापा | जनस्वास्थ्य प्रशासक | ९८५७०६७१०७ | |
| २ | कमल गौतम | जनस्वास्थ्य अधिकृत | ९८४७०४०१४० | |
| ३ | कृष्ण पन्थी | अधिकृत | ९८४७१०६६६८ | |
| ४ | गोपाल बहादुर कार्को | प. नि. सु. नि. | ९८५७०३२३५८ | |
| ५ | श्रीकृष्ण भट्टराइ | भे.क.सु. नि. | ९८५७०६७२७४ | |
| ६ | आकृती कुवँर | प.हे.न. | ९७४२३९७५२९ | |
| ७ | मोहन खरेल | ल्याव टेक्निसियन | ९८४८७२२५८६ | |
| ८ | श्याम कुमार पाल | को. चे. अ. | ९८६५५०२४१० | |
| ९ | टोपलाल पाण्डे | का. स. | ९८५७०६४२३३ | |
| १० | नेत्र पन्थी | का.स. | ९८४७१०६७३६ | |
| ११ | पिताम्बर पाण्डे | ह .स .चा | ९८५७०६१९८६ | |
| १२ | नितिशा आले | क. स. | ९८४४७७०५९९ | |
| १३ | राधा काफ्ले | जनस्वास्थ्य अधिकृत | ९८६९०३९१३८ | |
| १४ | प्रियन्का श्रेष्ठ | जनस्वास्थ्य अधिकृत | ९८२१४२२२१४ | |
| १५ | उषा भुसाल | जनस्वास्थ्य अधिकृत | ९८६९४२१४६५ | |
| १६ | सरिता खराल | जनस्वास्थ्य अधिकृत | ९८४०१९४२१२ | |

## ४.२ स्वास्थ्य कार्यालय ,गुल्मीको नागरिक वडापत्र) Citizen Charter)

| सि.नं. | व्यवस्थापन पक्ष/कार्यक्रमहरु | जिम्मेवार पद | जिम्मेवारी | उजुरी सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | सूचना अधिकारी | अधिकृत छैटौं | कृष्ण पन्थी | | |
| २. | बाल स्वास्थ्य कार्यक्रम | | | (पुष्पा थापा) | |
| (क) | खोप कार्यक्रम | | तारा बहादुर कार्की । | कार्यालय | |
| (ख) | पोषण कार्यक्रम | | गोपाल कार्की | प्रमुख " | |
| (ग) | समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम | हे.अ.वा सो सरह | | " | |
| (घ) | कोल्डचेन तथा भ्याक्सिन व्यवस्थापन कार्यक्रम | को.चे.नि. | श्याम पाल | | |
| ३. | परिवार स्वास्थ्य कार्यक्रम | प.हे.न. | आकृती कुवँर | " | |
| (क) | सुरक्षित मातृत्व कार्यक्रम | | | " | |
| (ख) | परिवार नियोजन कार्यक्रम | | गोपाल बहादुर कार्की | | |
| (ग) | महिला स्वास्थ्य स्वयंसेवक कार्यक्रम | हे.अ.वा सो सरह | | | |
| (घ) | गाउँघर क्लिनिक कार्यक्रम | | | " | |
| (ङ) | किशोरकिशोरी तथा प्रजनन कार्यक्रम | प.नि.सु.नि. | गोपाल बहादुर कार्की | " | |
| ४. | रोग नियन्त्रण | हे.अ.वा सो सरह | तारा बहादुर कार्की । | | |
| (क) | क्षयरोग नियन्त्रण कार्यक्रम | | मोहन खरेल | " | |
| (ख) | कुष्ठरोग नियन्त्रण कार्यक्रम | | | " | |
| (ग) | एच.आई.भी. एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम | | | | |
| ५. | योजना अनुगमन तथा तथ्याङ्क व्यवस्थापन कार्यक्रम | तथ्याङ्क सहायक/ अधिकृत | तारा बहादुर कार्की | | |
| ६. | इपिडिमेयोलोजी, औलो, कालाजार, महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम | हे.अ.वा सो सरह | श्रीकृष्ण भट्टराई । मोहन खरेल | | |
| ७. | स्वास्थ्य शिक्षा तथा सूचना संचार कार्यक्रम | हे.अ.वा सो सरह | श्रीकृष्ण भट्टराई | " | |
| ८. | स्वास्थ्य तालिम कार्यक्रम | हे.अ.वा सो सरह | गोपाल बहादुर कार्की | " | |
| ९. | ल्याव सम्बन्धी कार्य | ल्या.टे. | मोहन खरेल | | |
| १०. | कर्मचारी प्रशासन | अधिकृत छैटौं | कृष्ण पन्थी | " | |
| ११. | जिन्सी व्यवस्थापन | अधिकृत छैटौं | कृष्ण पन्थी | | |
| १२. | आर्थिक प्रशासन | सहायक/अधिकृत | भुवन घिमिरे | | |

# ५. स्वास्थ्य कार्यालयबाट सम्पादित हुने कार्यक्रमहरु

## ५.१ खोप कार्यक्रम

गुल्मी जिल्लामा २०४४ साल देखि खोप कार्यक्रम अविच्छिन्न रुपमा चलिरहेको छ । जसले भ्याक्सिनबाट बचाउन सकिने सरुवा रोगको तथा शिशु मृत्युदर तथा बिरामी दर र अशक्तता दरमा कमी ल्याई सहश्राब्दी बिकास लक्ष्य हासिल गर्न समेत योगदान पुर्याएको छ । निरन्तर प्रयास र सफलताको परिणाम स्वरुप गुल्मी जिल्लालाई २०७१ चैत्र ३० गते पूर्ण खोप जिल्ला घोषणा गरि प्रत्येक वर्ष यस दिनलाई जिल्लाभर पूर्ण खोप दिवशको रुपमा मनाउँदै आइरहेको छ । २३ महिना मुनिका सबै शिशुहरुलाई (क्षयरोग, डि.पि.टी., हेप.वी.-हिव., ओ.पि.भी., एफ.आइ.पि.भी., पि.सि.भी., दादुरा-रुबेला पहिलो/दोस्रो र जे.इ खोपको लागि) भ्याक्सिनबाट बचाउन सकिने रोगहरुको कारण बच्चाहरुको मृत्यु, बिरामी तथा अङ्गभङ्ग हुने दरलाई न्यूनीकरण गर्ने मुख्य लक्ष्य रहेको छ ।

## ५.२ स्वास्थ्य कार्यालय गुल्मी अन्तर्गतका भ्याक्सिन सप्लाई तथा सबसेन्टरको विवरणः

| सि.नं | सप्लाई सेन्टर वा सव सेन्टर | भ्याक्सिन वितरण गर्ने स्वास्थ्य संस्था रहेको पालिकाको नाम | भ्याक्सिन वितरण गर्ने स्वास्थ्य संस्था | भ्याक्सिन प्राप्त गर्ने पालिकाको नाम | खोप सेसन संचालन हूने मिति | भ्याक्सिन प्राप्त गर्ने स्वास्थ्य संस्था |
|---|---|---|---|---|---|---|
| १ | कालिगण्डकी सप्लाई सेन्टर | कालिगण्डकी गा.पा. | पुर्तिघाट स्वा.चौकी | कालिगण्डकी गा.पा. | | पुर्तिघाट, जयखानी,फोक्सिङ्ग, भुर्तुङ्ग, खङ्गकोट,हर्मिचौर, अर्बेनी |
| २ | तुराङ्ग सप्लाई सेन्टर | चन्द्रकोट गा.पा. | तुराङ्ग स्वा.चौकी | चन्द्रकोट गा.पा. | | तुराङ्ग, रुपाकोट |
| | | | शान्तिपुर स्वा.चौकी | चन्द्रकोट गा.पा. | | शान्तिपुर, हरेवा, हर्राचौर,विसुखर्क,दिव्रुङ्ग, ग्वाघा |
| | | | | | | |
| ३ | वामीटक्सार सप्लाई सेन्टर | मुसिकोट न.पा. | वामिटक्सार स्वा.चौकी | मुसिकोट न.पा. | | वामिटक्सार, अर्लाङ्गकोट, कुर्घा, आँपचौर, पौदिअमराई, नेटाथाम |
| ४ | अर्खाबाङ्ग सप्लाई सेन्टर | मालिका गा.पा. | अर्खाबाङ्ग स्वा.चौकी. | मालिका गा.पा. | हरेक महिनाको १० देखि १४ गते सम्म | अर्खाबाङ्ग, छापहिले, अर्जै, हवाङ्गी,नेटा,दर्लिङ्ग,मर्भुङ्ग घमिर |
| ५ | पुर्कोट सप्लाई सेन्टर | मदाने गा.पा. | पुर्कोट स्वा.चौकी | मदाने गा.पा. | | पुर्कोट, मलागिरी, म्यालपोखरी, सिर्सेनी, बाँझकटेरी, भनभने, अग्लुङ्ग |
| ६ | ईस्मा सप्लाई सेन्टर | ईस्मा गा.पा. | ईस्मा स्वा चौकी | ईस्मा गा.पा. | | ईस्मा, दर्लामचौर,दोहोली, हस्तिचौर, अम्मरपुर, |
| ७ | धुर्कोट सप्लाई सेन्टर | धुर्कोट गा.पा. | धुर्कोट आ. अस्पताल | धुर्कोट गा.पा. | | धुर्कोट, वाग्ला, जैसीथोक हाडहाडे, वस्तु |
| ८ | गौडाकोट सप्लाई सेन्टर | गुल्मीदरवार गा.पा. | गौडाकोट आ.अस्पताल | गुल्मीदरवार गा.पा | | गुल्मीदरवार, गौडाकोट, अमरअर्वाथोक जुभुङ्ग, बलिथुम, विरबास, ठुलान |
| ९ | श्रृङ्गा सप्लाई सेन्टर | छत्रकोट गा.पा. | श्रृङ्गा प्रा.स्वा.के | छत्रकोट गा.पा. | | दिगाम, पल्लिकोट, हुगा, खज्याङ्ग, हर्दिनेटा, दौघा |

| सि.नं | सप्लाई सेन्टर वा सव सेन्टर | भ्याक्सिन वितरण गर्ने स्वास्थ्य संस्था रहेको पालिकाको नाम | भ्याक्सिन वितरण गर्ने स्वास्थ्य संस्था | भ्याक्सिन प्राप्त गर्ने पालिकाको नाम | खोप सेसन संचालन हूने मिति | भ्याक्सिन प्राप्त गर्ने स्वास्थ्य संस्था |
|---|---|---|---|---|---|---|
| १० | रुरु सप्लाई सेन्टर | रुरुक्षेत्र गा.पा. | रुरु प्रा.स्वा.के. | रुरुक्षेत्र गा.पा. | | रुरु, ग्वादी,थानपति, बलेटक्सार ,बम्घा, रिमुवा, |
| | | | जोहाङ्ग प्रा.स्वा.के. | सत्यवती गा.पा. | | जोहाङ्ग, जुनिया, भार्से,लिम्घा,हसरा, अस्लेवा, ठुलोलुम्पेक, चेमी |
| ११ | रेसुङ्गा सप्लाई सेन्टर | रेसुङ्गा न.पा | रेसुङ्गा न.पा | रेसुङ्गा न.पा | | सिमिचौर, दुविचौर, अर्खले, पराल्मी, तम्घास |
| १२ | जिल्ला स्टोर | रेसुङ्गा न.पा | स्वास्थ्य कार्यालय गुल्मी | मुसिकोट न.पा. | | वडागाँउ , मुसिकोट, दजाकोट |
| | | | | धुर्कोट गा पा | | पिपलधारा , नयाँगाउँ, |
| | | | | इश्मा गा पा | | छल्दीटारी |

## ५.३ पोषण कार्यक्रम

मानवको विकास र वृद्धिको लागी पोषण अत्यावश्यक तत्व हो । खासगरी हामी कहाँ कुपोषण प्रोटिन र तागत कम भएका खाना खाएर भएको छ भने अर्को तर्फ अति सूक्ष्म तत्वको कमी भएर कुपोषण भएको हो । जस्तैः आयोडिनको कमी, फलाम र भिटामिन ए को कमी, आमाको दूध खान नपाएर शिशुमा हुने कुपोषण आदि मुख्य छन् । पोषण कार्यक्रमको मुख्य उद्देश्य कुपोषणमा पर्न सक्ने समूहलाई ध्यानमा राखी कुपोषण हुनबाट जोगाउनुहो । कुपोषित हुन सक्ने समूहमा विशेषतः गर्भवती महिला, शिशु र बच्चाहरु, किशोरकिशोरीहरु, दूध खुवाउने आमाहरु र वृद्धवृद्धाहरु पर्दछन् । २ वर्ष मुनिको बच्चाको वृद्धि अनुगमन गर्ने, भिटामिन ए, लौह तत्व र आयोडिनको कमीबाट हुन सक्ने समस्यालाई हुन नदिने र १-५ वर्ष मुनीका बच्चालाई जुकाको औषधी खुवाउने तथा गर्भवती र दूध खुवाउने आमाहरुलाई सुपोषित गराउने क्रियाकलाप यस कार्यक्रममा पर्दछन् ।

## ५.४ परिवार स्वास्थ्य कार्यक्रम

परिवार नियोजनः

सम्बृद्ध र व्यवस्थित परिवार नै परिवार नियोजनको चाहना हो । स्थायी र अस्थायी गरी २ प्रकारका परिवार नियोजनका सेवाहरु प्रवाह गरिएको छ । परिवार नियोजनका सेवाहरु अस्पताल, प्रा.स्वा.के., स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र म.स्वा.स्व.से.बाट निःशुल्क उपलब्ध गराइन्छ । यसै गरी निजी स्वास्थ्य संस्था तथा गैह्रसरकारी संस्थाहरुबाट समेत यो सेवा उपलब्ध छ । परिवार नियोजनका साधनहरुको उपयोगद्धारा जन्मदरमा कमी ल्याई आमा तथा बच्चाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्दै सामाजिक-आर्थिक-वातावरणीय सन्तुलन सहित जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने मूख्य लक्ष्य रहेको छ ।

## ५.५ सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रमले आमा र शिशुको स्वास्थ्य अवस्थामा सुधार ल्याउछ जुन नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम मध्ये सुरक्षित मातृत्व कार्यक्रम पनि एक हो । यस कार्यक्रमलाई प्रभावकारी र गुणस्तरिय प्रजनन् स्वास्थ्य उपलब्धताको सुनिश्चित गर्दै मातृ मृत्यु र नवजात शिशु मृत्युलाई क्रमशः घटाउदै लैजाने लक्ष्य राखेको छ । सुरक्षित मातृत्व कार्यक्रमलाई सफलतापुर्वक कार्यान्वयन

गर्नको लागि नेपाल सरकारले बहुपक्षिय दृष्टीकोण (Multi Sectoral Approach) अपनाएको पाईन्छ, जसले गर्दा संपूर्ण क्षेत्रमा प्रजनन स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न मद्धत पुगेको छ । राष्ट्रिय स्वास्थ्य नीति अनुसार प्रजनन स्वास्थ्यमा सुधार गर्न बहुपक्षिय साझेदारी संघिय, प्रादेशिक, जिल्लास्तर र त्यो भन्दा तल्लो स्तरका स्वास्थ्य निकायहरु साथै स्वास्थ्य देखि बाहेकका निकायहरुले अपनाइएका छ । यस सेवाले बच्चा र आमाहरुको बिरामी, अङ्गभङ्ग तथा मृत्यु हुनबाट जोगाउँछ । गाउँघर क्लिनिक, सामुदायिक स्वास्थ्य इकाइ, सहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्रा.स्वा.के. तथा अस्पतालबाट सुरक्षित मातृत्व सेवा पुर्‍याइएको छ ।

### ५.६ राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम

क्षयरोग नियन्त्रण नेपाल सरकारको पहिलो प्राथमिकतामा परेको कार्यक्रम हो । क्षयरोग जनस्वास्थ्यको समस्या रुपमा रहि आएको छ । यस कार्यक्रमले जिल्लाको क्षयरोग नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको छ । यस कार्यक्रममा क्षयरोगको रोकथाम गर्नुका साथै डट्स विधिबाट क्षयरोगका विरामीहरुको उपचार गरिन्छ । गुल्मी जिल्लामा ७ वटा खकार परीक्षण केन्द्रहरु तथा ९८ वटा क्षयरोग उपचार केन्द्रहरुबाट सेवा दिदै आइरहेको छ । क्षयरोगको प्रकोप, मृत्युदरलाई घटाउने तथा रोग सर्ने प्रक्रियालाई रोकी जनस्वास्थ्य समस्याको रुपमा रहन नदिने , गुणस्तरीय रोग निदानको लागि प्रयोगशाला सेवा र उपचार केन्द्र सर्वसुलभ बनाउने तथा रोग निदान र उपचारको क्रममा प्रयोग गरिने साधन तथा पद्धतिको विकास गर्ने र क्षयरोगको रोकथाम, नियन्त्रण तथा उपचारको सबै जनतामा पहुँच पुर्‍याउने मूख्य उद्देश्य रहेको छ ।

### ५.७ कुष्ठरोग नियन्त्रण कार्यक्रम

कुष्ठ रोग मानिसको छाला र स्नायूमा लाग्ने कम सर्ने खालको एक सरूवा रोग हो । यो रोग ढिलो गरी लाग्ने र विस्तारै निको हुने रोग भएता पनि यो रोगले मानिसको तुरून्त मृत्यु हुँदैन । यो रोगको कारणले धेरै मानिसहरू समाजबाट वहिस्कृत भै विस्थापित हुन पुगेका छन् । यो रोग सरूवा रोग भएको कारणले भन्दा पनि सामाजिक कारणले अझै पनि जन स्वास्थ्य समस्याको रूपमा रहेको छ नेपालमा २०६६ माघ ५ गतेका (तदनुसार सन २०१० जनवरी १९) दिन कुष्ठरोग निवारण भएको घोषणा गरिएको थियो भने आ.व. २०५७/५८ देखि नै गुल्मी जिल्लामा कुष्ठरोग निवारणको स्थिति भएता पनि २०६६/ ६७, विश्व कुष्ठरोग दिवसको अवसरमा गुल्मी जिल्लालाई कुष्ठरोग निवारण जिल्लाको रुपमा घोषणा गरियो । कुष्ठरोग मुक्त समाजको सृजना गर्ने मूख्य लक्ष्यका साथ सबै स्वास्थ्य संस्थाहरुबाट बहु–औषधी सेवा आवश्यकता अनुरुप निःशुल्क रुपमा उपलब्ध हुन्छ । शुरु अवस्थामा नै रोग पत्ता लगाई उपयुक्त उपचार माध्यमबाट असमर्थता हुनबाट जोगाउन सकिन्छ ।

### ५.८ एच.आई.भी/.एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रमः

जनस्वास्थ्यको चुनौतीको रुपमा रहेको एच.आई.भी./एड्स महामारीलाई २०३० सम्ममा अन्त्य गर्ने परिकल्पना साकार गर्न राष्ट्रिय एच.आई.भी.रणनीतिक योजना २०२१ - २०२६ तयार गरिएको छ । जस अन्तर्गत २०२६ को अन्त्य सम्ममा ९५ – ९५ - ९५ को उपचारको लक्ष्यलाई द्रुतगतिमा हासिल गर्नु रहेको छ । अनुमानित एच.आई.भी. संक्रमित मध्ये ९५ प्रतिशतलाई आफ्नो एच.आई.भी.को अवस्था थाहा भएको हुनेछ । एच.आई.भी.को अवस्था थाहा भएका मध्ये ९५ प्रतिशत उपचारमा हुनेछन भने उपचारमा रहेका मध्ये ९५ प्रतिशतको शरिरमा भाईरल भार नगन्य मात्रामा हुनेछ भन्ने हो । त्यसैगरी आमाबाट बच्चामा हुने संक्रमणको निवारण गर्ने र नयाँ एच.आई.भी.को संक्रमणलाई ९० प्रतिशतले कमी ल्याउने लक्ष्य रहेको छ । यी रणनीति अन्तर्गत मुख्य समुहको पहिचान तथा उनीहरुसम्म पुगनको लागि एच.आई.भी.संक्रमितहरुका लागि उपचार हेरचाह सहयोग र रोकथामका क्रियाकलापहरु विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट सञ्चालन भईरहेका छन् ।

नेपाल HIV Concentrated Epidemic रुपमा रहेको छ । ८० प्रतिशत भन्दा बढि HIV को संक्रमण पुरुष र महिला बीच हुने असुरक्षित यौन सम्पर्कको माध्यमवाट हुने गरेको पाईएको छ । सुई द्वारा लागु पदार्थ लिनेहरु, यौनकर्मी महिलाहरु, पुरुष सम लिंगीहरुलाई HIV संक्रमणको उच्च जोखिम रहेको समुह मानिन्छ ।आप्रवासी कामदारहरु र यौन कर्मी महिला ग्राहकहरुले नेपालमा बढि जोखिम रहेका समुहवाट अन्य मानिसहरुमा सँक्रमण फैलाउन काम गरिरहेका छन् । नेपालमा वयस्कहरुमा HIV Prevalence ० .१४ प्रतिशत ( सन२०१८) रहेको छ । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको अगुवाईमा हाल हाम्रो देशमा HIV/AIDS संग सम्बन्धित सेवाजस्तै HIV परामर्श तथा परिक्षण, PMTCT, उच्च जोखिममा रहेका लक्षित समुदायमा HIV को रोकथाम कार्यक्रम, उपचार, हेरचाह तथा सहयोग र यौनरोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम स्वास्थ्य संस्थाहरु मार्फत प्रदान हुदै आएको छ ।

आ.व. २०६२/६३ देखि यस जिल्लामा एच.आई.भी./एड्स कार्यक्रम संचालन हुदै आएको छ । गुल्मी जिल्लामा एक वटा ए.आर.टि. केन्द्र रहेको छन भने १०९ सरकारी स्वास्थ्य संस्थाहरुमा समुदायमा आधारीत पिएमटिसिटी साईट रहेका छन ।

### ५.९ महामारी, औलो, कालाजार कार्यक्रम

जिल्ला भित्र फैलिन सक्ने प्रकोप तथा महामारी नियन्त्रणको लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने । सो कार्य प्रभावकारी बनाउनको लागि आर आर टि परिचालन गर्ने । औलोको उच्च जोखिम जिल्ला नभएको हुनाले औलोबाट प्रभावित जनसंख्या न्यून छ । भेटिएका औलोका विरामीहरु आयातित हुन् । जिल्ला भित्र औलो रोगको संक्रमण भेटिएको छैन । औलो मुक्त जिल्ला कायम राख्दै कथंकदाचित औलोका शंकास्पद विरामी देखिएमा रक्त नमूना संकलन गरी विरामी छिटो पत्ता लगाई उपचार गर्ने साथै स्वास्थ्य संस्थाहरुमा बाह्रै महिना औषधी उपलब्ध गराउने ।

### ५.१० राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रमः

यो कार्यक्रम सम्पूर्ण कार्यक्रको सहयोगी कार्यक्रम हो । समुदायको स्वास्थ्य व्यवहार परिवर्तनको लागि यसको महत्वपूर्ण भूमिका हुन्छ । स्वास्थ्य शिक्षा सूचना तथा संचारको माध्यमबाट समुदायको स्वास्थ्यवर्धक व्यवहार परिवर्तन गर्ने । स्वास्थ्य सम्बन्धी ज्ञानको स्तर बढाउने । संचार माध्यमबाट स्वास्थ्यका गतिविधिहरुलाई प्रचार प्रसार गर्ने । स्वस्थ्य व्यवहार परिवर्तनका लागि कार्य गर्ने ।सर्ने र नसर्ने रोगहरुको बारेमा सुसूचित गर्ने । जीवनशैली परिवर्तन गरी समुदायलाई स्वस्थ्य र सवल बनाउने ।

## ६. सम्पादन गरेका कामको विवरण

| क्र.स. | कार्यक्रमको नाम | स्थान | मिति | कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| १ | सुर्तिसेवन तथा लागुपदार्थ दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेको समुदायमा अन्तरक्रिया कार्यक्रम | इश्मा, मालिका, गुल्मिदरवार, छत्रकोट | वैशाख १० र १४ गते, जेठ २२ गते र असार २ गते | १. ४वटा पालिकामा कार्यक्रम सम्पन्न गरेको<br>२. need-based approach मा कार्यक्रमस्थल छनोट<br>३. समुदायका स्थानियवासिन्दा यस कार्यक्रमाका प्रत्यक्ष लाभदायी |
| २ | खाद्य पदार्थ पोषण प्रवर्दन तथा उत्पादनको क्रममा प्रयोग भएको विषादिको असर न्युनिकरण कार्यक्रम | सत्यवती, छत्रकोट र धुर्कोट | वैशाख ६ गते, वैशाख १७ गते र जेष्ट २९ गते | १. ३ वटा पालिकामा सचेतिकरण कार्यक्रम गरिएको<br>२. विभिन्न पालिका अन्तर्गतका कृषि फर्महरुको अनुगमन |
| ३ | सामुदायिक विद्यालयमा अध्ययनरत किशोरकिशोरीमा रक्तअल्पता परिक्षण तथा व्यवस्थापन कार्यक्रम | सबै पालिकाहरू | जेष्ट १ देखि असार १७ सम्म | १. १२ वटै पालिकाका ३० वटा सामुदायिक विद्यालयहरुका किशोरीहरुको रक्तअल्पता परिक्षण<br>२. KOBO COLLECT मार्फत विद्यार्थीको विवरण संकलन<br>३. 3 जनामा severe anemia, 218 जनामा moderate anemia, 492 जनामा mild anemia र 1766 जनामा normal anemia भेटिइएको |
| ४ | सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा<br>नियन्त्रण अभियान सम्बन्धी स्तानिय तह स्तरिय अन्तरक्रिया कार्यक्रम | सबै पालिकाहरू | | १. १२ वटै पालिकामा पालिका स्तरिय अन्तरक्रिया कार्यक्रम गरेको<br>२. पालिका उपाध्यक्षको अध्यक्षतामा विद्यालयमा अस्वस्थकर खाना नियमन समिति गठन गरेको<br>३. सोही समितिको अगुवाईमा प्रत्येक पालिकाको ५वटा सामुदायिक विद्यालयहरुमा भित्ते लेखन गरेको |
| ५ | ६-५९ उमेर समुहका बालबालिकाहरुमा पोषण लेखाजोखा कार्यक्रम | सबै पालिकाहरू | वैशाख १५ देखि ३० गते | १. सबै पालिकाका स्वास्थ्य संस्थाहरुमा, ECDs मा, सामुदायिक clinic हरुमा लेखाजोखा कार्यक्रम गरेको<br>२. जिल्लामा २३८ जना बालबालिका मध्यम शिर्घ कुपोषण र ४९ जना बालबालिकाहरुमा कडा शिघ्र कुपोषण |

| क्र.स. | कार्यक्रमको नाम | स्थान | मिति | कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| ६ | समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन (CBIMNCI) सम्बन्धी स्वास्थ्यकर्मीहरुका लागि आधारभूत तालिम | ईन्द्रेणी पार्टी प्यालेस (तम्घास) | जेष्ट २१, जेष्ट २६ गते | १. १२ वटै पालिकाका २४ जना स्वास्थ्यकर्मीहरुलाई ६ दिने तालिम दिईएको |
| ७ | परिमार्जित HMIS DHIS2 सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ईन्द्रेणी पार्टी प्यालेस (तम्घास) | जेष्ठ २८ र जेष्ठ ३० गते | १. १२ वटै पालिकाका २४ जना स्वास्थ्यकर्मीहरुलाई ३ दिने तालिम दिईएको |
| ८ | क्षयरोग सम्बन्धी आधारभूत तालिम | वक एन्ड प्यान (तम्घास) | जेष्ठ ८- जेष्ठ १० सम्म | १. १२ वटा पालिकाबाट १२ जना स्वास्थ्यकर्मीहरुलाई ३ दिने तालिम दिईएको |
| ९ | आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको विक्रिवितरण तथा नियमन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | रेसुङ्गा, चन्द्रकोट, रुरुक्षेत्र र छत्रकोट | जेष्ठ २७, जेष्ठ ३१, असार २ र असार १३ | १. जिल्लाका चार स्थानमा BMS act सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो।<br>२. कार्यक्रममा विशेष गरी सम्बन्धित स्थानीय तहका मेडिकल व्यवसायी, किराना पसले तथा सरकारी स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।<br>३. कार्यक्रममा आमाको दूधको प्रतिस्थापन सम्बन्धी ऐन तथा मापदण्डहरूको पालना, जिम्मेवारी र भूमिकाबारे अभिमुखीकरण गरिएको थियो।<br>४. साथै, सम्बन्धित सरोकारवाला निकायहरूले आफ्नो-आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। |
| १० | हात्तिपाईले इन्डेमिक जिल्लाहरुमा morbidity mapping, विरामी व्यवस्थापन तथा अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रम | सबै पालिकाहरू | जेष्ठ १० देखि २५ सम्म | १. प्रत्येक पालिकाबाट २-२ जना स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रममा सहभागी गराएको<br>२. औसतमा १५ दिन सम्म समुदायमा sample संकलन गरिएको थियो |
| ११ | गैरसरकारी स्वास्थ्य संस्थाको अनुगमन | रेसुङ्गा नगरपालिका | असार महिना | १. ३ वटा पालिका ( सत्यवती, रेसुङ्गा र गुल्मिदरवार) का स्वास्थ्य संस्थाको अनुगमन<br>२. अनुगमनमा संस्था संस्थाको नविकरण, दर्ता र औषधी गुणस्तरियता मापन गरिएको |

| क्र.स. | कार्यक्रमको नाम | स्थान | मिति | कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| १२ | MPDSR कार्यक्रम | रेसुङ्गा नगरपालिका | जेष्ठ २० गते | १. स्थानीय तहका नगरपालिका प्रमुख/उपप्रमुखज्यू, गाउँपालिका अध्यक्ष/उपाध्यक्षज्यू तथा सम्बन्धित पालिका स्वास्थ्य शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा पालिकाका अध्यक्ष/उपाध्यक्षको उपस्थितिमा MPDSR (Maternal and Perinatal Death Surveillance and Response) सम्बन्धी बैठक सम्पन्न गरियो। २. बैठकमा मातृ तथा नवजात शिशु मृत्युका घटनाबारे समीक्षा तथा छलफल गर्दै त्यस्ता मृत्यु न्यूनीकरण र रोकथामका लागि आवश्यक पहल, समन्वय र प्रभावकारी कार्यान्वयनका उपायहरूबारे विस्तृत छलफल गरिएको थियो।३.साथै, सम्बन्धित पक्षहरूले आ–आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। |

## ७. २०८३ असार १ देखि १५ गतेसम्म संचालन भएको किशोरी रक्त अल्पता परीक्षण तथा व्यवस्थापन कार्यक्रमको विवरण

| क्र.सं. | पालिका | विद्यालय | परीक्षण गरिएको संख्या |
|---|---|---|---|
| १ | कालिगण्डकी गा. पा. | श्री भगवती मा.वि. | ३४ |
| २ | | श्री हर्मचौर मा.वि | ५० |
| ३ | सत्यवती गा. पा. | श्री लक्ष्मीपुर मा.वि. | ५८ |
| ४ | | श्री सरस्वती मा.वि. | ८६ |
| ५ | चन्द्रकोट गा पा | श्री शारदा मा.वि. | ५४ |
| ६ | मुसिकोट न.पा. | श्री दुर्गाभवन मा.वि. | ८९ |
| ७ | | श्री त्रिभुवन मा.वि. | १४४ |
| ८ | इस्मा गा.पा. | श्री ठाडढुङ्गा मा.वि. | ५५ |
| ९ | | श्री हिमालय मा.वि. | ६८ |
| १० | मालिका. गा.पा. | श्री देविस्थान मा.वि. | १३० |
| ११ | | श्री जमलपोखरा मा.वि. | ५४ |
| १२ | मदाने गा.पा. | श्री देउराली आधारभूत विद्यालय | ७९ |
| १३ | | श्री बाँझकटेरी मेघगंगा मा.वि. | १४० |
| १४ | धुर्कोट गा.पा. | श्री निन्यूखर्क मा.वि. | ११५ |
| १५ | | श्री इन्द्र मा.वि. | ६८ |
| १६ | रेसुङ्गा न.पा. | श्री रेसुङ्गा मा.वि. | २९१ |
| १७ | | श्री भगवती मा.वि. | ३४ |
| १८ | | श्री रानीबास मा.वि. | ४१ |
| १९ | | श्री उपल्लोतमघास मा.वि. | ६० |
| २० | गुल्मीदरबार गा.पा. | श्री थाक्सिपोखरा मा.वि. | ५३ |

| क्र.सं. | पालिका | विद्यालय | परीक्षण गरिएको संख्या |
|---|---|---|---|
| २१ | | श्री सुर्योदय मा.वि. | ५० |
| २२ | | श्री पदम बहादुर मा.वि. | २३ |
| २३ | | श्री महाकाली आधारभूत विद्यालय | १८ |
| २४ | | श्री काब्रेपोखरी मा.वि. | ३५ |
| २५ | छत्रेकोट गा.पा. | श्री आत्मबोध मा.वि. | १२० |
| २६ | | श्री आदर्श मा.वि. | ९१ |
| २७ | | श्री श्रृङ्गा जनता मा.वि. | ६४ |
| २८ | रुरुक्षेत्र गा.पा. | श्री ज्ञवा वलेटक्सार मा.वि. | ७३ |
| २९ | | श्री राष्ट्रिय मा.वि. | ८९ |
| | जम्मा | | २२६६ |

## ८. आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न कार्यक्रम तथा गतिविधिका झलकहरू (तस्वीरसहित)

**१। सुर्तिसेवन तथा लागुपदार्थ दुर्व्यसनको अवस्था र असरबारे उच्च जोखिममा रहेको समुदायमा अन्तरक्रिया कार्यक्रम**







उच्च जोखिममा रहेका समुदायलाई लक्षित गरी आवश्यकतामा आधारित (Need-Based Approach) कार्यक्रमस्थल छनोट गरी इश्मा, मालिका, गुल्मीदरबार र छत्रकोट गाउँपालिकामा वैशाख १० र १४ गते, जेठ २२ गते तथा असार २ गते सुर्तिजन्य पदार्थ सेवन तथा लागूपदार्थ दुर्व्यसनको अवस्था, असर तथा न्यूनीकरणका उपायबारे अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। कार्यक्रमबाट समुदायका स्थानीयवासीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।




## २. विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखीकरण




स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गुल्मी जिल्लाका १२ वटै स्थानीय तहबाट प्रत्येक स्थानीय तहका २/२ जना विद्यालय स्वास्थ्य शिक्षकलाई सहभागी गराई तीनदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। अभिमुखीकरणमार्फत

विद्यालयमा स्वास्थ्य प्रवर्द्धन, पोषण सुधार, किशोरकिशोरी स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी व्यवहार परिवर्तनका विषयमा शिक्षकहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरिएको।




३. **खाद्य पदार्थ पोषण प्रवर्दन तथा उत्पादनको क्रममा प्रयोग भएको विषादिको असर न्युनिकरण कार्यक्रम**



खाद्य पदार्थको पोषण प्रवर्द्धन तथा उत्पादन प्रक्रियामा प्रयोग हुने विषादीको असर न्यूनीकरण गर्ने उद्देश्यले सत्यवती, छत्रकोट र धुर्कोट गाउँपालिकामा वैशाख ६ गते, वैशाख १७ गते तथा जेठ २९ गते सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको। साथै, सम्बन्धित स्थानीय तहअन्तर्गत रहेका विभिन्न कृषि फर्महरूको अनुगमन गरी विषादीको सुरक्षित प्रयोग, खाद्य सुरक्षा तथा स्वस्थ उत्पादन प्रवर्द्धनसम्बन्धी आवश्यक सुझाव तथा सहजीकरण गरिएको।

### ४. खाद्य पदार्थ पोषण प्रवर्दन तथा उत्पादनको क्रममा प्रयोग भएको विषादिको असर न्युनिकरण अनुगमन



कृषि फर्महरूको अनुगमन गरी विषादीको सुरक्षित प्रयोग, खाद्य सुरक्षा तथा स्वस्थ उत्पादन प्रवर्द्धनसम्बन्धी आवश्यक सुझाव तथा सहजीकरण गरिएको।

### ५. सामुदायिक विद्यालयमा अध्ययनरत किशोरकिशोरीमा रक्तअल्पता परिक्षण तथा व्यवस्थापन कार्यक्रम








सामुदायिक विद्यालयमा अध्ययनरत किशोरकिशोरीमा रक्तअल्पताको अवस्था पहिचान तथा व्यवस्थापन गर्ने उद्देश्यले जेठ १ गतेदेखि असार १७ गतेसम्म गुल्मी जिल्लाका १२ वटै स्थानीय तहअन्तर्गतका ३० वटा सामुदायिक विद्यालयमा कार्यक्रम सञ्चालन गरिएको। कार्यक्रममा किशोरीहरूको रक्तअल्पता परीक्षण गरी KOBO Collect मार्फत विद्यार्थीहरूको विवरण संकलन गरिएको। परीक्षणका क्रममा ३ जनामा गम्भीर (Severe) रक्तअल्पता, २१८ जनामा मध्यम (Moderate) रक्तअल्पता, ४९२ जनामा हल्का (Mild) रक्तअल्पता तथा १,७६६ जनामा सामान्य (Normal) अवस्था रहेको पाइएको, साथै आवश्यक व्यवस्थापन तथा परामर्श प्रदान गरिएको।

६. **सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान सम्बन्धी स्तानिय तह स्तरिय अन्तरक्रिया कार्यक्रम**







सामुदायिक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले गुल्मी जिल्लाका १२ वटै स्थानीय तहमा पालिका स्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। पालिका उपाध्यक्षको अध्यक्षतामा विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण समिति गठन गरी अभियानलाई संस्थागत गरिएको। साथै, गठित समितिको अगुवाइमा प्रत्येक पालिकाका ५ वटा सामुदायिक विद्यालयमा अस्वस्थकर खानाको प्रयोग न्यूनीकरण तथा स्वस्थकर खानाको प्रवर्द्धनसम्बन्धी सचेतनामूलक भित्ते लेखन सम्पन्न गरिएको।

### ७. ६-५९ उमेर समुहका बालबालिकाहरुमा पोषण लेखाजोखा कार्यक्रम







६—५९ महिनाका बालबालिकाहरूको पोषण अवस्था पहिचान तथा कुपोषणको समयमै व्यवस्थापन गर्ने उद्देश्यले वैशाख १५ गतेदेखि ३० गतेसम्म गुल्मी जिल्लाका १२ वटै स्थानीय तहमा पोषण लेखाजोखा कार्यक्रम सञ्चालन गरिएको। स्वास्थ्य संस्था, प्रारम्भिक बाल विकास केन्द्र (ECD) तथा सामुदायिक क्लिनिकमार्फत बालबालिकाको पोषण अवस्था मूल्याङ्कन गरिएको। लेखाजोखाको क्रममा जिल्लाभर २३८ जना बालबालिकामा मध्यम तीव्र कुपोषण (Moderate Acute Malnutrition) तथा ४९ जना बालबालिकामा कडा तीव्र कुपोषण (Severe Acute Malnutrition) पहिचान भई आवश्यक व्यवस्थापन तथा फलोअपका लागि सम्बन्धित स्वास्थ्य संस्थामा समन्वय गरिएको।

**८. समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन (CBIMNCI) सम्बन्धी स्वास्थ्यकर्मीहरुका लागि आधारभूत तालिम**






समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (CBIMNCI) कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले गुल्मी जिल्लाका १२ वटै स्थानीय तहबाट २४ जना स्वास्थ्यकर्मीलाई सहभागी गराई तम्घासमा ६ दिने आधारभूत तालिम सञ्चालन गरिएको। तालिममार्फत नवजात शिशु तथा पाँच वर्षमुनिका बालबालिकामा हुने प्रमुख स्वास्थ्य समस्याको पहिचान, उपचार, परामर्श तथा प्रभावकारी व्यवस्थापनसम्बन्धी स्वास्थ्यकर्मीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरिएको।




### ९. रिमार्जित HMIS DHIS2 सम्बन्धी अभिमुखिकरण कार्यक्रम

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (HMIS/DHIS2) को परिमार्जित प्रणालीबारे स्वास्थ्यकर्मीहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले तम्घासमा जेठ २८ गतेदेखि ३० गतेसम्म गुल्मी जिल्लाका १२ वटै स्थानीय तहबाट २४ जना स्वास्थ्यकर्मीलाई सहभागी गराई तीनदिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको। अभिमुखीकरणमार्फत परिमार्जित HMIS/DHIS2 प्रणालीमा स्वास्थ्यसम्बन्धी तथ्याङ्कको गुणस्तरीय अभिलेखीकरण, प्रतिवेदन तथा प्रभावकारी व्यवस्थापनसम्बन्धी व्यावहारिक ज्ञान र सीप विकास गरिएको।

### १०. क्षयरोग सम्बन्धी आधारभूत तालिम




राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तम्घासमा जेठ ८ गतेदेखि जेठ १० गतेसम्म क्षयरोग सम्बन्धी तीनदिने आधारभूत तालिम सञ्चालन गरिएको। तालिममा गुल्मी जिल्लाका १२ वटै स्थानीय तहबाट १२ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो। तालिममार्फत क्षयरोगको समयमै पहिचान, निदान, उपचार, सम्पर्क परीक्षण, अभिलेखीकरण तथा प्रतिवेदन व्यवस्थापनसम्बन्धी ज्ञान र सीप अभिवृद्धि गरिएको।

## ११. आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुको विक्रिवितरण तथा नियमन सम्बन्धी अभिमुखिकरण कार्यक्रम










आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री—वितरण तथा नियमनसम्बन्धी ऐन (BMS Act) को प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले जेठ २७, जेठ ३१, असार २ र असार १३ गते रेसुङ्गा, चन्द्रकोट, रुरुक्षेत्र तथा छत्रकोट गाउँपालिकामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको। कार्यक्रममा सम्बन्धित स्थानीय तहका मेडिकल व्यवसायी, किराना पसले तथा सरकारी स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो। अभिमुखीकरणमार्फत आमाको दूधको प्रतिस्थापन गर्ने वस्तुको बिक्री—वितरण तथा नियमनसम्बन्धी प्रचलित ऐन, मापदण्ड, जिम्मेवारी र भूमिकाबारे जानकारी प्रदान गरिएको तथा सम्बन्धित सरोकारवाला निकायहरूले ऐनको प्रभावकारी कार्यान्वयनका लागि आ—आफ्नो जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

**१२.हात्तिपाईले इन्डेमिक जिल्लाहरुमा morbidity mapping, विरामी व्यवस्थापन तथा अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रम**





हात्तिपाइले (लिम्फाटिक फाइलेरियासिस) प्रभावित जिल्लामा रोगको अवस्था पहिचान (Morbidity Mapping), बिरामी व्यवस्थापन तथा अपाङ्गता रोकथाम कार्यक्रमअन्तर्गत जेठ १० गतेदेखि २५ गतेसम्म गुल्मी जिल्लाका १२ वटै स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिएको। कार्यक्रमका लागि प्रत्येक स्थानीय तहबाट २/२ जना स्वास्थ्यकर्मीलाई अभिमुखीकरण प्रदान गरिएको थियो। त्यसपछि स्वास्थ्यकर्मीहरूले करिब १५ दिनसम्म समुदायस्तरमा पुगेर नमुना (Sample) संकलन, रोगी पहिचान तथा तथ्याङ्क संकलन गरी रोगको अवस्था मूल्याङ्कन र प्रभावकारी व्यवस्थापनका लागि आवश्यक आधार तयार गरेका थिए।

## १३.गैरसरकारी स्वास्थ्य संस्थाको अनुगमन






गैरसरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर, प्रचलित मापदण्डको पालना तथा नियामक व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले असार महिनामा सत्यवती, रेसुङ्गा र गुल्मीदरबार स्थानीय तहअन्तर्गत सञ्चालित गैरसरकारी स्वास्थ्य संस्थाहरूको अनुगमन गरिएको। अनुगमनका क्रममा स्वास्थ्य संस्थाको दर्ता तथा नवीकरणको अवस्था, सेवा सञ्चालनसम्बन्धी मापदण्डको पालना तथा औषधिको गुणस्तर र व्यवस्थापनको मूल्याङ्कन गरी आवश्यक सुझाव तथा निर्देशन प्रदान गरिएको।

## १४.मातृ तथा नवजात शिशु मृत्युको निगरानी, समीक्षा तथा प्रतिकार्य **MPDSR (Maternal and Perinatal Death Surveillance and Response)** कार्यक्रम




मातृ तथा नवजात शिशु मृत्युको निगरानी, समीक्षा तथा प्रतिकार्यका लागि आवश्यक समन्वय सुदृढ गर्ने उद्देश्यले जेठ २० गते रेसुङ्गा नगरपालिकामा MPDSR (Maternal and Perinatal Death Surveillance and Response) सम्बन्धी बैठक सम्पन्न गरिएको। बैठकमा स्थानीय तहका नगर प्रमुख/उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख तथा अन्य सम्बन्धित सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा मातृ तथा नवजात शिशु मृत्युका घटनाको समीक्षा गर्दै मृत्यु न्यूनीकरण र रोकथामका लागि आवश्यक रणनीति, समन्वय तथा प्रभावकारी कार्यान्वयनका उपायहरूबारे विस्तृत छलफल गरिएको तथा सहभागी निकायहरूले आ—आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

१५.मातृ तथा नवजात शिशु स्वास्थ्य (MNH) अनुगमन









मातृ तथा नवजात शिशु स्वास्थ्य (MNH) सेवाको गुणस्तर अभिवृद्धि तथा सेवा प्रवाहको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले जिल्लाका स्वास्थ्य संस्थाहरूमा मातृ तथा नवजात शिशु स्वास्थ्य (MNH) कार्यक्रमको नियमित अनुगमन सञ्चालन गरिएको। अनुगमनका क्रममा गर्भवती तथा सुत्केरी सेवा, सुरक्षित प्रसूति सेवा, नवजात शिशु स्याहार, अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली, आवश्यक औषधि तथा उपकरणको उपलब्धता, सेवा प्रवाहको अवस्था तथा कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी आवश्यक सुझाव, पृष्ठपोषण तथा सुधारका लागि सहजीकरण गरिएको।

## १६.HPMSS (Health Performance Monitoring and Supportive Supervision)









स्वास्थ्य संस्थाहरूबीच पारस्परिक सिकाइ, अनुभव आदान—प्रदान तथा स्वास्थ्य सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले असार २५ र २६ गते रेसुङ्गा नगरपालिका अन्तर्गतको सेमीचौर स्वास्थ्य चौकी र छत्रकोट गाउँपालिका अन्तर्गतको पालीकोट स्वास्थ्य चौकीबीच HPMSS अन्तर्गत पारस्परिक अवलोकन तथा अनुभव आदान—प्रदान कार्यक्रम सम्पन्न गरिएको। कार्यक्रममा दुवै स्थानीय तहका स्वास्थ्यकर्मी तथा स्वास्थ्य शाखा प्रमुखहरूको संयुक्त सहभागितामा स्वास्थ्य संस्थामा प्रदान भइरहेका सेवा, व्यवस्थापन, अभिलेखीकरण तथा सेवा प्रवाहको अवलोकन एवं मूल्याङ्कन गरिएको। साथै, स्वास्थ्य संस्थाका उत्कृष्ट अभ्यास, चुनौती तथा सुधारका अवसरहरूबारे छलफल गरी एकअर्काका सफल अभ्यासबाट सिकाइ तथा अनुभव आदान—प्रदान गरिएको। सेवा प्रवाहलाई थप गुणस्तरीय, प्रभावकारी तथा सेवामैत्री बनाउने प्रतिबद्धतासहित कार्यक्रम सम्पन्न भएको र यस्ता पारस्परिक सिकाइ कार्यक्रमले स्वास्थ्य सेवा सुधार, क्षमता अभिवृद्धि तथा उत्कृष्ट अभ्यासको विस्तारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको।

## १७.प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्क्रीनिङ तथा व्यवस्थापन कार्यक्रम





प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्क्रीनिङ तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत वैशाख र जेठ महिनामा गुल्मी जिल्लाको मुसिकोट नगरपालिका तथा चन्द्रकोट गाउँपालिकामा विशेषज्ञ स्वास्थ्य सेवा शिविर सञ्चालन गरिएको। कार्यक्रममा प्रजनन स्वास्थ्यसम्बन्धी विभिन्न समस्याको स्क्रीनिङ, आवश्यक परीक्षण, उपचार, परामर्श तथा व्यवस्थापन सेवा प्रदान गरिएको। साथै, थप उपचार आवश्यक भएका सेवाग्राहीलाई उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण (Referral) गरी गुणस्तरीय तथा पहुँचयुक्त प्रजनन स्वास्थ्य सेवा सुनिश्चित गर्ने प्रयास गरिएको।

## १८.खोप केन्द्र अनुगमन



नियमित खोप कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा गुणस्तरीय खोप सेवा सुनिश्चित गर्ने उद्देश्यले जिल्लाका खोप केन्द्रहरूको नियमित अनुगमन गरिएको। अनुगमनका क्रममा खोप सेवाको उपलब्धता, कोल्ड चेन व्यवस्थापन, खोपको सुरक्षित भण्डारण तथा प्रयोग, अभिलेखीकरण तथा प्रतिवेदन, खोप सामग्रीको उपलब्धता, सेवा प्रवाह तथा सेवाग्राही व्यवस्थापनको मूल्याङ्कन गरी आवश्यक सुझाव, पृष्ठपोषण

## १९.जिल्ला पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा




गुल्मी जिल्लाका सबै १२ वटै स्थानीय तहले पूर्ण खोप सुनिश्चितता घोषणा सम्पन्न गरेपश्चात् असार २९ गते तम्घास, गुल्मीमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा आयोजना गरिएको। कार्यक्रममा लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्रीज्यू प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो भने जिल्लाका १२ वटै स्थानीय तहका नगर प्रमुख/उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, जनस्वास्थ्य अधिकृत, स्वास्थ्यकर्मी, सरोकारवाला निकायका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। घोषणा सभामार्फत गुल्मी जिल्लालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला घोषणा गरिएको। कार्यक्रममा नियमित खोप कार्यक्रमको दिगोपना कायम राख्दै प्रत्येक



बालबालिकाले समयमै सबै खोप प्राप्त गर्ने सुनिश्चितताका लागि नियमित खोज, अनुगमन, अभिलेखीकरण तथा समन्वयलाई थप सुदृढ बनाउने विषयमा जोड दिइएको थियो। साथै, स्थानीय तह, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयंसेविका तथा समुदायको सक्रिय सहभागिताबाट प्राप्त उपलब्धिलाई निरन्तरता दिँदै पूर्ण खोप सुनिश्चितता तथा दिगोपनालाई प्रभावकारी रूपमा कायम राख्न सबै सरोकारवाला निकायबीच सहकार्य, समन्वय र साझा प्रतिबद्धता व्यक्त गरिएको।

